नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं
फोन नं.-४२००५११/४२००३०४

पत्र संख्या ०७६।७७
चलानी नं. : ४४४

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

मितिः २०७७/०२/२९

विषयः बालश्रम विरूद्धको अन्तर्राष्ट्रिय दिवस बारे ।

श्री स्थानीय तह (सबै )

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको पत्र संख्याः२०७६।७७ च.नंः बा.श्र.नि.व्य.सु.३२ को बालश्रम विरूद्धको अन्तर्राष्ट्रिय दिवस बारेको प्राप्त पत्र संलग्न छ । व्यहोरा पत्रबाट अवगत गर्नु भई आवश्यक व्यवस्था गर्नुहुन आदेशानुसार अनुरोध छ ।

चिरन्जीवी नेपाल
शाखा अधिकृत

बोधार्थः
श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरबार ।
श्री सूचना तथा प्रविधि शाखा : पत्र वेभसाइटमा अपलोड गरिदिनु हुन ।

दर्ता नं.:- ९२३३६
२०७७।२।२८

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

(बालश्रम निवारण तथा व्यवसायजन्य सुरक्षा शाखा)

पत्र संख्याः २०७६।७७

चलानी संख्या : बा.श्र.नि.व्य.सु ३२

मिति : २०७७।०२।२८

विषय : बालश्रम विरुद्धको अन्तर्राष्ट्रिय दिवस बारे ।

श्री स्थानीय तहहरु (सबै)
मार्फत : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

यही २०२० जुन १२ (मिति २०७७ जेष्ठ ३०) का दिन बालश्रम विरुद्धको अन्तर्राष्ट्रिय दिवस मनाइदैंछ । विश्वब्यापी Coronavirus (Covid-19) महामारीको यस असहज परिस्थितिमा यस बर्ष यो दिवस मनाउन यस मन्त्रालयले **"बालबालिकालाई कोभिडको महामारीबाट बचाऔं, बालश्रम सधैंका लागि हटाऔं"** भन्ने नारा तय गरेको छ ।

बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७५-२०८५) ले वि.सं २०७९ सम्ममा निकृष्ट र शोषणयुक्त प्रकारको बालश्रम निवारण गर्ने लक्ष्य राखेको छ भने वि.सं २०८२ सम्ममा सबै प्रकारका बालश्रम निवारण गर्ने लक्ष्य राखेको छ ।

यस महामारीको समयमा सबै प्रकारका बालश्रम निवारण गर्ने राष्ट्रिय लक्ष्य प्राप्तिका लागि तीनै तहका सरकार बीच अझ वढी सहकार्यको आवश्यकता परेको छ । कोभिड - १९ संक्रमणको जोखिमबाट नागरिकहरुको रक्षाका लागी नेपाल सरकार (मन्त्रिपरिषद) को निर्णयले मिति २०७६ चैत्र ११ गते देखि देश भर लागु हुने गरी जारी भएको बन्दाबन्दी (Lockdown) को आदेश निरन्तर नै रहेकाले साविक वर्षमा जस्तो गरी सो दिवस मनाउन सम्भव नभएकोले माथि उल्लेखित नारा सन्देशलाइ स्थानीय स्तरमा क्रियाशील जनप्रतिनिधि, सम्पूर्ण पेशा कर्मी, नागरिक समाज, उद्योगी, ब्यवसायी, गैसस, एवं सर्वसाधारण समक्ष प्रचारप्रसार गरी दिनुहुन यस मन्त्रालयको मिति २०७७।०२।२८ को निर्णयानुसार अनुरोध छ ।

.....................
(विनोद पौडेल)
शाखा अधिकृत